**नेपाली** / ***NEPALI***

WISCONSIN
UNIVERSITY OF WISCONSIN–MADISON

आदरणीय सहकर्मीहरू,

हामीलाई आशा छ कि यसले तपाईंलाई स्वस्थ भेट्नेछ। जब हामीले अघिल्लो वर्ष *Partners in Giving* अभियानको आरम्भ गऱ्यौं, हामीले सोच्न पनि सक्दैन थियौँ होला कि तब देखि आज सम्म यति धेरै बदलहरू आउनेछन्।

हाम्रो समुदायमा धेरैले कठिनाईहरूको अनुभव गरिरहेका भएपनि, विस्कन्सिनको स्वयंसेवा र दयालु परम्परा अझै बलियो रहेको छ। *Partners in Giving*—राज्य,डेन काउन्टी *UW* र *UW Health* कर्मचारीहरूको संयुक्त अभियानले हामी सबैलाई व्यक्तिहरूको जीवनमा सकारात्मक रूपमा प्रभाव गर्ने अवसर प्रदान गर्दछ। ४७ बर्षको लागि, हामीले *Partners in Giving* मा प्रतिनिधित्व भएका ५०० भन्दा बढी स्थानीय, राज्य, राष्ट्रिय, र अन्तर्राष्ट्रिय संस्थाहरूको अत्यावश्यक सेवाहरू र परोपकारी कार्यहरूलाई सँगै मिलेर समर्थन प्रदान गर्दै आएका छौं। गत वर्ष मात्रै, अभियानले सामूहिक रूपमा लगभग $२.५ मिलियन उठायो।

२०२० सालमा, *Partners in Giving* अभियानको विषयवस्तु "सँगै, झन् बलियो (*Stronger, Together*)" हो। हामीले व्यक्तिगत रूपमा, अरूको जीवनमा भिन्नता ल्याउन सक्छौं। जब हामीले मिलेर योगदान गर्दछौं, हाम्रो योगदानहरूले अझै ठूलो प्रभाव पार्दछ। त्यो भावनामा, हामी तपाईंलाई यस बर्षको *Partners in Giving* अभियानमा हामीसँग सामेल हुन आमन्त्रित गर्दछौं। हाम्रो समुदाय भित्रको वर्तमान आवश्यकता पहिले भन्दा बढी छ र हामी आशा गर्दछौं कि तपाई सकेसम्म भाग लिन जारी राख्नु हुनेछ।

जस्तो तपाईंले आशा गर्नभएको छ, यो अभियान पहिला भन्दा धेरै फरक देखिनेछ। हामी भर्चुअल कार्यक्रमहरू र रिमोट सञ्चार माध्यमहरूबाट एक अर्कासँग रचनात्मक तरिकाले मिल्न आवश्यक छ। हामी तपाईंलाई यस वर्ष तपाईंको प्रतिज्ञा अन्लाईनबाट बनाउन प्रोत्साहन दिन्छौं - यो सजिलो र सुरक्षित छ। यदि अन्लाईनबाट प्रतिज्ञा (*e-pledging*) गर्न नमिलेमा, हामी तपाईंको कागजको फाराम भरेर हुलाकबाट पठाउनुभएको योगदानहरू पनि स्वीकार गर्दछौं। तपाईंले योगदान गर्न सक्नुहुने सबै तरिकाहरू यहाँ हेर्नुहोला।

यस वर्षको अभियानको सक्रिय चरण अक्टोबर १२ देखि नोभेम्बर २७ सम्म चल्छ, तर योगदानहरू मे १५, २०२१ सालसम्म स्वीकार छ। अभियान शुरू हुने बित्तिकै, तपाईंले विश्वविद्यालय अभियान समन्वय समितिको र तपाईंको युनिटको अध्यक्ष र स्वयम्सेवकहरूबाट खबर पाउनुहुनेछ। कृपया giving.wi.gov वेबसाईट हेर्नुहोला वा तपाईंको स्थानीय अध्यक्षहरूसँग अभियानको बारेमा थप जानकारीको अनुरोध गर्नुहोला।

हामी तपाईंको सबै काम र तपाईंको निरन्तर उदारताको र उत्साहका लागि साँच्चै आभारी छौं। हामी सबै धेरै कुराहरू झेलिरहेका छौं - तर हामी "सँगै, झन् बलियो (*Stronger, Together*)" छौं।

भवदीय,

John Karl Scholz
प्रोभोस्ट र शैक्षिक मामिलाका उपकुलपति

Laurent Heller
अर्थ र प्रशासनका उपकुलपति